# ORIENTAL HOTELS LTD.

श्रीमान् प्रमुखज्यू
नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाडौं ।

मितिः २०७८।५।२३ गते

विषयः जानकारी गराइएको बारे ।

महोदय,

उपर्युक्त सम्बन्धमा, यस कम्पनीको आज मिति २०७८।५।२३ गते दिनको ३:१० बजे बसेको २०७८/०७९ को तेस्रो सञ्चालक समितिको बैठकको निर्णय अनुसार मिति २०७८।६।१९ गते कम्पनीको रजिष्टर्ड कार्यालय, लाजिम्पाट, काठमाडौंबाट Virtual माध्यम Zoom App बाट वार्षिक साधारण सभा गर्न लागिएको हुँदा तहाँको जानकारीको लागि अनुरोध छ । सो सम्बन्धि सूचना २०७८।५।२४ गतेको आर्थिक अभियानमा निश्काशन गर्न लागेको पनि जानकारी गराइन्छ ।

साथै, यस कम्पनीको चौविसौं वार्षिक साधारण सभा आगामी २०७८।६।४ गते देखि २०७८।६।२० गते सम्म यस कम्पनीको शेयर दाखेल खारेज कार्य बन्द रहने व्यहोरा पनि अनुरोध छ ।

नि. ओरियण्टल होटल्स लिमिटेड

Oriental Hotels Ltd. Kathmandu NEPAL

....................
अनिलदास श्रेष्ठ
प्रवन्ध सञ्चालक

**बोधार्थः**

श्री नेपाल धितोपत्र वोर्ड
जावलाखेल, ललितपुर ।

श्री सि.डि.एस. एण्ड क्लियरिङ्ग लि.
पुतलीसडक, काठमाडौं ।

यस ओरियण्टल होटल्स् लि. को सञ्चालक समितिको आ. व. २०७८/०७९ को तेस्रो बैठकको निर्णय बमोजिम कम्पनीको चौविसौं वार्षिक साधारण सभा निम्न बमोजिम मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले उक्त साधारण सभामा शेयरधनीहरु स्वयम् वा रितपूर्वकको प्रतिनिधित्वद्वारा Virtual माध्यमबाट उपस्थित हुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति स्थान र समय :**

**मिति :** २०७८।६।१९ गते, मंगलबार ( 5 October, 2021) ।

**स्थान :** कम्पनीको रजिष्टर्ड कार्यालय, लाजिम्पाट, काठमाडौंबाट Virtual माध्यम Zoom App बाट साधारण सभा सञ्चालन हुने छ । (हालको कोभिड-१९ को सम्बन्धमा मिति २०७८।५।१६ गतेको नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्डको अनुसार साधारण सभा सम्पन्न गर्नु पर्ने विशेष परिस्थितिका कारण Virtual माध्यमबाट उपस्थितीको निमित्त आग्रह गरिएको हो ।)

**समय :** दिनको ११ बजे ।

**छलफलका विषयहरु :**

**क. सामान्य प्रस्ताव**

१. आ.ब. २०७७/०७८ को सञ्चालक समितिको चौबिसौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको लेखापरिक्षण गरिएको आ. व. २०७७/७८ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह र ईक्वीटीमा भएको परिवर्तन तथा वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरिक्षण समितिको सिफारिश अनुसार आ.व. २०७८/७९ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (बर्तमान लेखापरिक्षक श्री सुवोध एसोसियट, चार्टर्ड एकाउण्टेण्टस्, काठमाडौं पुनः नियुक्त हुन सक्नु हुनेछ ।)

४. संस्थापक शेयरधनीहरु समुह (क) बाट ४ (चार) जना, साधारण शेयरधनीहरु समुह (ख) बाट २ (दुई) जना सञ्चालक निर्वाचन गर्ने र स्वतन्त्र सञ्चालक १ (एक) जना अनुमोदन गर्ने ।

**ख. विविध ।**

**सञ्चालक समितिको आज्ञाले,**

**कम्पनी सचिव**

*द्रष्टव्यः शेयरधनी महानुभावहरुको सुविधाको लागि Zoom App बिहानको १० वजेदेखि खुला रहनेछ ।*

## Virtual माध्यमबाट साधारण सभा सम्बन्धी जानकारी

१. हालको कोभिड १९ को महामारीको कारण नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्डको पूर्ण पालना गरि सभा सम्पन्न गर्नु पर्ने विशेष परिस्थितिका कारणले गर्दा शेयरधनी महानुभावहरुलाई *Virtual* माध्यमबाट सभामा उपस्थितीको निमित्त हार्दिक अनुरोध छ ।

२. *Virtual* माध्यमबाट उपस्थित भएका शेयरधनीहरुलाई सभा हलमा उपस्थित भए सरह मान्यता दिइने व्यहोरा समेत जानकारी गराउदछौं । उपस्थित गणपुरक संख्या सभा सञ्चालनको निमित्त निर्दिष्ट संख्या अनुसार पर्याप्त भएमा मात्र साधारण सभा सञ्चालन हुने छ ।

३. Virtual माध्यमबाट उपस्थित शेयरधनीहरुको हाजिर निजहरुले गरेको Log-In मार्फत सबैको Log-In भएको देखिने गरि प्रमाणको निमित्त फोटो खिचेर राखिने छ साथै सभा सञ्चालन अवधिभरिको Video Recording गरिने छ ।

४. मिटिङ्ग ID र Password को निमित्त कम्पनीको Email ID: legal@radkat.com.np मा समयमै सम्पर्क गरि प्राप्त गर्न सकिने व्यवस्था गरिएको जानकारी गराउदछौं । साथै अन्तिम समयमा सम्पर्क गर्दा शेयरधनीको पहिचान Verification गरि ID र Password समयमै पठाउन आइपर्न सक्ने प्राविधिक कठिनाईबाट बच्न कम्तीमा १ दिन अगावै ID र Password लिन समेत अनुरोध छ । साथै सोहि email address मा साधारण सभाको प्रतिवेदन समेत पठाइने छ ।

५. Virtual माध्यमबाट आफ्नो मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले कम्तीमा २ दिन अगावै कम्पनी सचिव वा कम्पनीको आधिकारिक Email: legal@radkat.com.np मा सम्पर्क गरि नाम टिपोट गराउन हुन अनुरोध छ ।

६. मिति २०७८/६/४ देखि २०७८/६/१९ गते सम्म कम्पनीको शेयर दाखिल खारेज बन्द गरिनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८/६/३ गते सम्म नियमानुसार कारोवार भई यस कम्पनीको शेयर दाखिल खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ ।

७. साधारण सभाको सूचना र आर्थिक विवरण शेयरधनीको दर्ता किताबमा कायम रहेको Email ठेगानामा पठाइनेछ र यस कम्पनीको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लि. को website: www.niblcapital.com/radisson मा साधारण सभा हुने मिति भन्दा अगावै राखिने छ ।

८. निर्वाचन कार्यक्रमको विस्तृत जानकारी कम्पनीको सुचना पाटीमा प्रकाशन गरिने छ । साथै निर्वाचन सम्बन्धि विस्तृत जानकारी कम्पनीको प्रधान कार्यालयमा रहेको निर्वाचन अधिकृतको कार्यालयबाट कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ ।

९. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि ओरियण्टल होटल्स् लि , लाजिम्पाट, काठमाण्डौ (कम्पनी सचिवको कार्यालय) मा सम्पर्क गर्नुहुन अनुरोध छ ।